# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-३२ | २०७७ फाल्गुन १९ गते बुधबार | 03 March 2021 Wednesday | मूल्य रू. १०/-


## पर्यटन क्षेत्रमा करोडौं वजेट

मिसन न्यूज

कालिकोट

नेपालको एक सय गन्तव्य मध्य ६४ औं गन्तव्यमा सुचिकृत पचालझरना संरक्षण र सर्म्वद्धनका लागी सरकारले एक करोड पचास लाख वजेट विजियोजन गरेको छ। खाँडाचक्रको चुलीमालिका मन्दीर,शान्नि त्रिवेणिको त्रिवेणीको नैनिकाध, जिउली,धर्मशाला निर्माणका लागि दुई करोड, पचालझरना पदमार्ग निर्माणका लागी एक करोड पचास लाख गरी जम्मा ३ करोड पचास लाख प्रर्यटन प्रर्वद्धनमा आएको हो। यस अघि सस्कृति प्रर्यटन तथा नागरिक उड्यान मन्त्रालयको सहयोगमा २०७५/७६ मा ५० लाख वजेट आएको थियो।



कालीकोटको पचालझरना हेर्नका लागी निर्माण भएको पदमार्ग। तस्विर : मिसन न्यूज

गाउँपालिकाको वजेटले छ्हराको संरक्षणका लागी एक किलोमिटर पदमार्ग निर्माण भइसकेको छ। अवको वजेटले वाँकि रहेको पदमार्ग निर्माण गरी प्रतिक्षालय निर्माण गर्ने योजना रहेको पचालझरना गाउँपालिका अध्यक्ष खड्कराज सेजुवालले जानकारी दिए। उनका अनुसार, पचालझरना संरक्षण, प्रचार प्रर्सारका लागी लाखौ रकम खर्च गरिसकेका छौं। अव यसको निर्माणका लागी लागि रहेको छौं। गाउँपालिकाको लाफा देखी खार्दुको चौथासम्म सडक पुगिसकेको छ। पझरनाको पदमार्ग सम्म ५ किलो मिटर जती सडक निर्माण हुन मात्र वाँकि छ। कडा चट्टान नभईदिएको भए अहिले सम्म छ्हरा सम्म सडक पुगिसक्थ्यो। आउदो वर्षमा सडक पनी छ्हरा सम्म पुगाउने र पदमार्ग पनी निर्माण सम्पन्न गरेर देशको जुनसुकै क्षेत्रबाट पचालझरनाको फेदीसम्म प्रर्यटक पुग्न सक्ने गरी तयारी थालेको अध्यक्ष सेजुवालले बताए। उनले भने, झरना हेर्न आउने प्रर्यटकहरुका लागी गत वर्ष नै अर्गानिक होमस्टे समेत निर्माण गरिसकेका छौं। पचालझरना एशियाकै अग्लो रहेको गाउँपालिकाको दावि गर्दै आएको छ। स्थानीय तह बनेसँगै पचालझरना गाउँपालिकाको पहलमा नाप लिइएको हो। त्यसक्रममा पचालझरना नेपाल कै सबैभन्दा अग्लो भएको दावि गरिदै आएको हो। स्थानिय तहले नापिसके पछी पचालझरनाको वास्तबिक उचाई ३८१ मिटर रहेको पाइएको गाउँपालिकाको गाउँपालिकाले जनाएको छ। २ वटा जिपिएसको सहायताबाट साउन ५ र ६ गते दुई दिन लगाएर नाप लिइएको थियो। 'हामीले दुई दिन लगाएर यसको नाप लिएका हौं' अध्यक्ष सेजुवालले भने, '२ वटा जिपिएसको सहयोगले तीन जना प्राविधिकले २ दिनमा यसको नाम लिँदा ३८१ मिटर पाइयो।' यस अघि नेपालको सबैभन्दा अग्लो मानिएको तेह्रथुमको ह्यातुङ झरनाको उचाई ३६५ मिटर

बाँकी ८ पेजमा.....

## कृषक भैंसीपालन व्यवसायमा आकर्षण

लिलाराज सँज्याल

सुर्खेत

पछिल्लो समय विदेशिने लहड बढ्दो अवस्थामा छ। रोजगारका निम्ति विदेशिन र अन्ततः समस्याको भारी लिएर फर्किने मानिसको पनि कमी छैन। तर कर्णाली प्रदेशको राजधानी सुर्खेतका केही किसानले पशुपालनवाट स्वदेशमै राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदहारण प्रस्तुत गरेका छन। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-२ मा रहेको संजिवनी कृषि तथा पशु फार्ममा ३९ दुहुँना सहित एक सय भैंसी पालिएको छ। अबसर र रोजगारका लागि विदेश हैन स्वदेशमै केही गरौं भनेर नौ जना सदस्य मिलेर र्फामले उत्पादन गरेको दूध सुर्खेत बजारमा राम्रोसँग बिक्री भैरहेको छ। दैनिक तीन सय लिटरसम्म दूध बजारमा बिक्री गरेर फर्मले पच्चिस हजार सम्म आम्दानी गर्दै आएको छ। फार्ममा मुर्रा जातका भैसी पालिएको छ। मुर्रा जातको भैसी लामो समय दुध दिने र जुन सुकै ठाउँमा खप्न सक्ने किसिमका हुने गर्दछन। भविश्यमा एक सय भैसी पालेर फार्मलाई श्रोत केन्द्रको रुपमा



सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. २ मा रहेको संजिवनी कृषि तथा पशु फार्म। तस्विर : मिसन न्यूज

विकास गर्ने योजना सञ्चालकको छ। फर्ममा सञ्चालक बाहेक चार जनाले रोजगार समेत पाएका छन। सहकारीमार्फत कृषि फर्म सञ्चालन भएकाले कामदारले २२ हजार तलव र चार हजार पारिश्रमिक कोष वापतको रकम पाउने गरेका छन। भैंसीपालन गर्दा दूध मात्र नभई कम्पोष्ट मल उत्पादन हुने उक्त मल खेतबारीमा प्रयोग गर्न सकिने हुँदा दोहोरा फाइदा पुगेको छ। किसानको आफ्नो लगानीले सञ्चालित फार्मलाई तीनै तहका सरकारले अनुदान र प्रोत्साहन गर्ने हो भने कृषि र पशुपालनमा र माउनेको संख्या अझै बढने थियो कि ?

## खुल्ला चौरमा वादी समुदाय

सुर्खेत - घरजग्गा र रोजगारी माग राख्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि खुल्ला चौरमा वादी समुदाय धर्ना बसेका छन्। एक साताभन्दा लामो समयदेखि वादीहरु आन्दोलनमा भएपछि प्रदेश सरकारले उनीहरुका माग सम्बोधनमा चासो देखाएको छैन। फागुन १० गते रातिदेखि सुर्खेत, दैलेख, कालीकोट, जाजरकोटलगायतका पाँच सयभन्दा बढी वादी समुदाय गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार माग राख्दै वादी समुदाय कर्णली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडिको खुल्ला आकाशमुनि धर्नामा बसेका हुन्। यो पटक आश्वासन भन्दा पनि माग पुरा सम्बोधन नभएसम्म आन्दोलन नरोक्ने उनीहरुको भनाइ छ। नागरिकता मात्रै हैन, गास,वास र कपासको व्यवस्था हुनुपर्ने उनीहरुको भनाइ छ। खुलाचौरमा बसिरहेका उनीहरूलाई शौचालयको समस्या पनि छ। धर्नामा रहेका बादी समुदायका जेष्ठ नागरिक, महिला तथा बालवालिका लगायत आन्दोलित



समुदायको आधारभूत आवश्यकता पूरा गर्न, आन्दोलित मानिसहरु बिरामी पर्न थालेपछि समस्या बढेको छ। तर माग पुरा नहुँदा आन्दोलन नरोक्ने उनीहरुको अडान छ। वादीहरुसँग खेतीयोग्य जमिनसमेत नहुँदा दैनिक गुजारा गर्न कठिन हुँदैन आएको छ। खेतीपातीका लागि स्थायी लालपूर्जासहित जमिन, बस्नका लागि घर



र रोजगारीको माग बादी समुदायको छ। माछा मार्ने, बालुवा चाल्ने, मादल र सुल्पा बनाएर गुजारा चलाउने वादी समुदाय अहिले संकटमा छ। उनीहरूसँग खेतीयोग्य जमिनसमेत नहुँदा दैनिक गुजारा गर्न कठिन हुँदैन आएको छ। ज्याला मजदुरी गरेर जिविको पार्जन गर्दै आएका बादी समुदाय अहिले लकडाउनले गर्दा अलपत्र परेका छन्।

# सम्पादकीय...

## आशा लाग्दो पर्यटन क्षेत्र

पर्यटन क्षेत्रमा अर्बौको लगानी छ । कोरोना भाइसरको प्रस्थान विन्दु अनिश्चित भएसंगै नेपाली पर्यटन उद्योगको भविश्य पनि अनिश्चित जस्तै भएको थियो । पर्यटन क्षेत्रमा सन्नटा अझै कायमै छ । कोरोना भाइरस विरुद्धको खोपको विकास नभए सम्म विश्व पर्यटन उद्योगले गति लिन सक्ने अवस्था छैन । विश्वमा महाराष्ट्रहरुले खोप बनाउने र त्यसको परीक्षण गर्ने चरणमा छन् । अन्तर्राष्ट्रिय स्तरमा भइरहेको खोपको विकास र परीक्षणको अबस्था हेर्दा नेपालमा कोरोना विरुद्धको खोप कहिले आउने हो भन्ने एकिन गर्न सकिदैन । पर्यटन क्षेत्रमा अन्यौलता कायमै छ । अन्यौलताका बीचमा पनि नेपाल सरकारले पर्यटन क्षेत्र खुल्ला गरेको छ । ८ महिना थलिएको पर्यटन उद्योगमा क्रियाशिल व्यवसायीहरुले होटलका ढोका खोलेका छन,तर अपेक्षाकृत पर्यटक आएका छैनन् ।

नेपालको पर्यटन अझै पनि विदेशी पर्यटकमा निर्भर छ । विदेशी पर्यटक नआउने हो भने यहाँ ठुलो लगानीमा सञ्चालन भएका होटलहरुले खर्च धान्न पनि सक्ने अबस्था छैन् । सरकारले हवाइ उडान खुल्ला गरेको छ तर पर्यटकहरुमा अझै पनि घुम्न जाउँ भन्ने आत्मविश्वास पैदा हुन सकेको छैन् । सरकारले पर्यटन क्षेत्रलाई पुर्नजीवन दिन आन्तरिक पर्यटकलाई प्रर्बद्धनलाई जोड दिएको छ । सरकारी,गैरसरकारी,शिक्षक तथा निजी क्षेत्रमा काम गर्ने सबै कर्मचारीलाई विदा पर्यटन मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनमा प्रोत्साहन गर्ने सरकारको तयारी छ ।

यद्यपी सो काम अझै सुरु हुन सकेको छैन । पर्यटन क्षेत्रमा आन्तरिक पर्यटकहरु देखा पर्न थालेका छन । यसले पर्यटन क्षेत्रमा आशाको किरण देखिन थालेको छ । पर्यटकीय गन्तव्यमा अहिले देखिएका पर्यटकहरुले व्यवसाय चल्ने अबस्था छैन,त्यसैले परिवार सहित पर्यटन क्षेत्र अबलोकन गर्ने वातापरण सरकारले बनाउनु पर्ने अबस्था छ । चितवनको पर्यटकीय गन्तव्य सौराहाका व्यवसायीहरुले आन्तरिक पर्यटकको प्रर्बद्धनका लागि घुमौ सौराहा र छुट प्याकेज घोषणा गरेका छन । यसले यहाँको पर्यटन जुरुकै नउठे पनि चलायमान हुने कुरामा विश्वास गर्न सकिन्छ । पर्यटन व्यवसाय अब पुरानै शैलीमा चल्दैन । कोरोनापछि पर्यटन व्यवसायमा पनि परिवर्तन हुन जरुरी छ । विगतमा जस्तो ठुलो समुहमा पर्यटक भ्रमणमा आउने सम्भावना न्यून हुन्छ । अबको पर्यटन सानो समुहलाई प्रर्बद्धन गर्ने खालका प्याकेज र बजारीकरण गर्न आवश्यक छ । पर्यटन व्यवसायीले अब विज्ञापन भन्दा पनि सुरक्षित हुनुहुन्छ भन्ने सन्देश दिन आवश्यक छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# भकारी कार्यक्रम प्रभावकारी

**मिसन न्यूज**
**कालिकोट**

मानवअधिकार तथा वातावरण विकास केन्द्र,( हुरेन्डेक) नेपाल कालिकोटद्धारा सञ्चालित भकारी कार्यक्रमले नागरिकमा ठूलो आशा छरेको छ । हालसम्म कालिकोटका कति नागरिकका लागि कति कार्यक्रम आए कति कार्यक्रम गए । तर, नागरिकहरु भने सन्तुष्ट देखिएका छैनन् । तर, भकारी कार्यक्रमबाट भने नागरिकहरुले ठूलो अपेक्षा गरेका छन् । यू .एस.ए.आइडी, मर्सिकोरको आर्थिक सहयोग तथा अन्य साझेदार संस्थाहरुको सहयोगले कालिकोटमा भकारी कार्यक्रम लागू भएको हो । जिल्लास्तरमा सहयोगतथा समन्वय गर्ने मानवअधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपाल कालिकोटले विकास निर्माणका कार्यसँगै जलवायु परिवर्तनका क्षेत्रमा विगत लामो समयदेखि काम गर्दै आएको छ । उक्त कार्यक्रमले अब आउने तीन वर्षसम्म कर्णाली नदीको आसपासमा रहेका कालिकोट जिल्लाका स्थानीय तहका जम्मा ३ हजार १ सय ९७ घरधुरीलाई लक्षित गरी सञ्चालन भइरहेको छ । खाँडाचक्र नगरपालिकामा मात्र ६ सय ९ घरधुरीमा काम गर्ने भएको छ । यो कार्यक्रम बहुवर्षीय विपद् व्यवस्थापन र विपद्को बेला सहयोग गर्ने कार्यक्रम हो । दिर्घकालिन रुपमा विपद् तथा आपतकालिन अवस्थामा खाद्यान्न उपलब्धतामा सहयोग गर्नुको साथै छोटो समयमा आइपर्ने आपतकालिन र विपद् जोखिमलाई न्यूनीकरण गर्नु भकारी कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कर्णाली जलाधार क्षेत्रमा रहेका संकटासन्न तथा सामाजिक बञ्चितीकरणमा परेका घरधुरीहरुको खाद्य सुरक्षा र उत्थानशिलता क्षमता अभिबृद्धि गर्नु कार्यक्रमको अति महत्वूर्ण लक्ष रहेको भकारी कार्यक्रमका हुरेन्डेक संयोजक धुर्व सुनारले बताए । सुनारका अनुसार खाद्य उपलब्धता तथा पहुँचमा बृद्धि गर्ने, उत्पाकत्व बढाउन दिगो रुपमा पानीको



**बाँकी ८ पेजमा.....**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई सम्झिँदा... !



सन्तोषी शाही

श्री ५ बडामहाराज धिराज पृथ्वीनारायण शाह नेपाल राष्ट्रका निर्माता नेता र नेपाललाई जोगाउने बिचार दाता समेत रहेकोले शाह सबै नेपालीका प्रतिनिधि नेता हुन भनेर देश-विदेशका सबै नेपालीहरुले गर्वका साथ गर्जनु अहिले नेपालको राष्ट्रिय आवस्यकता भएको छ । नेपालको एकीकरण गर्ने महान एतिहासिक राष्ट्रिय आवस्यकता ठिक ढङ्गले अघि बढाएका र उपनिवेशवादी अंग्रेज शक्तिलाई पराजित गरेर नेपाललाई पराधीन हुनबाट जोगाउने आधार खडा गरेका यि दुई कार्यले पृथ्वीनारायण शाहलाई अमर बनाएको छ । यीनै दुई कार्य वरीपरी शाहको योग्दान र विचारले फन्को मारेको छ । केहि व्यक्तिहरु राष्ट्रनिर्माता शाहको योगदानलाई अवमुल्यन गर्ने र उनको कृतिमानलाई होच्याउने कार्यमा जोडतोडले लागी परेका छन् ।

शाहलाई विवादित बनाउनतिर मरिहत्ते गर्दैछन् । तर, एतिहासिक तथ्यले के पृष्टी गरेको छ भने उनको योगदान प्राथमिक पक्ष हो भन्ने कमजोरी गौण पक्ष हो।यो पनि सत्य हो की पृथ्वीनारायण शाहबाट पनि कतिपय सानातिना कमिकमजोरी नभएका होईनन तर पनि ठुलाठुला कार्य सम्पादन सम्पन्न गर्दा भएका त्यस्ता सानातिना कमजोरी जो वडगाईएका र अतिरञ्जन गरिएका छन्।उनले गरेका योग्दान संग तुलना नै हुन सक्दैन् । हत्या, हिंसा, जातिय असमानता, जातिय घृणा , द्वन्द्व अहिले आक्रान्त विश्वमा जातिय सद्भभाव, समानता र भाईचाराको लहर ल्याउने विचार नै पृथ्वी विचार हो । नेपाल सबै जातको फुलबारी भने झैं विश्व सबै जातको फुलवारी हो । संयुक्त राष्ट्रसंघले यो नारालाई विश्वव्यापी बनाउनुपर्दछ । पृथ्वीनारायण शाह अंग्रेज शक्तिलाई पराजित गर्ने प्रारम्भिक एशियाली नेता हुन्।उनि अंग्रेज उपनिवेशवादी विरोधी सम्मानित एशियाली नेता हुन् । त्यसैले पनि श्री ५ वडामहाराज पृथ्वीनारायण शाह नेपालको मात्रै होईन एशियाकै गौरवपुर्ण नाम हो भन्दा अतियुक्त न होला । स्वतन्त्र र सार्वभौम नेपाल राष्ट्रप्रति गौरव गर्न जो कोहि नेपालीले पनि राष्ट्रनिर्माता पृथ्वीनारायण शाह प्रति गौरव गर्नु पर्दछ । अहिले नेपालको सिमाना र शक्तिको आधार पृथ्वीनारायण शाहको निति , नेतृत्व र कार्यले नै खडा गरेको हो। पृथ्वीनारायण शाहले टुक्रीएका स-साना राज्यहरुलाई एकीकरण अभियानमा बुध्दि लगाउने र रगत पसिना बगाउने सबै जातजाती नेपालीहरुको साझा प्रतिनिधि नाम हो । उनको नाम आफैमा नेपाली र नेपालको गौरवपुर्ण संस्था हो ।


श्री ५ पृथ्वीनारायण शाह थिएनन भने वर्तमान नेपालको भुगोल हुने थिएन र स्वतन्त्र नेपालको अस्तित्व पनि कायम हुने थिएन्। शाह इतिहास र गौरव दुबै हुन् । नेपाल एकीकरण अभियान राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको नेतृत्वमा वि. स १८०० देखि अघि बढेको हो । ५२ वटा भन्दा बढि राज्यमा विभाजित तत्कालीन नेपालको एकीकरण अभियानलाई पुनः एकीकरण गरी विशाल नेपाल निर्माण गर्यो । विशाल नेपालको बल र शक्ति लाग्दा अहिले विश्वका धेरै जसो प्रभावशाली कहलिएका राष्ट्र टुक्रा (टुक्रा थिए । नेपाल एकीकरण भएको १०० वर्षपछि मात्र जर्मनी र इटलीको एकीकरण भएको थियो भने अन्योलमा गुर्जिरहेको जापान राजाको नेतृत्वमा विश्वको एकीकरण हुनुभन्दा दुई ( तिन दशक सम्म अमेरीका बेलायतको उपनिवेश थियो । यस्ता कैंयौ देश अन्योल र अनिश्चततामा गुर्जीरहेको अबस्थामा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण भएर चन्द्र सुर्य धोजा रहित नेपाली झण्डा फर्फराई सकेको थियो र नेपाल राज्य सार्वभौम स्वतन्त्रता कायम राखिएको थियो । श्री ५ पृथ्वीनारायण शाहको नेपाल पुनः एकीकरणको अधुरो कामलाई निरन्तरता दिने उनको निधनपछी जारी रहयो । उनको कान्छा छोरो बहादुर शाहले नायवी नेतृत्वमा अरु ठोस उपलब्धिहरु हासिल हुन पुग्यो । सुगौली सन्धि हुनुपुर्व वि.स १८७२ अघि नेपालको कुल क्षेत्रफल ३ लाख ६८ हजार वर्ग कि.मी जति थियो भने त्यस पछि वर्तमान नेपाल १४७१८१ वर्ग कि.मी मा खुम्चिन पुगेको छ । अङ्रेजले बलपुर्वक र अन्याय पुर्वक खोसेको नेपाल मेचि-कालीपारीको भु-भागमा अङ्रेजले भारत छोडेर जादा नेपाललाई स्वतन्त्रताको हिसावले नेपाल एशियाकै जेठो राज्य हो । नेपाल सबै जातको फुलवारी हो यसलाई नेपालको राजनीतिक पार्टीले ठिक ढङ्गले बुझ्न र ठिक ढङ्गले अघि बढाउन सकिरहेका छैनन । नेपाललाई जातिय भुण्डमा परिणत गर्न खोजिदैछ ।

श्री ५ पृथ्वीनारायण शाहको सबै जातको फुलवारीको मर्म भनेको समानता , भाइचारा, सहभाव , सह-अस्तित्व र सहकार्यमा आधारीत समुलत नै आजको नेपाली समाज हो । न कि जातिय घृणा र देशको नेपाली सामना '.!! वर्तमान लोकतान्त्रिक सरकारले पृथ्वीनारायण शाहको योगदानलाई अवमुल्यान गरिरहेको छ। शाहको पृथ्वी जयन्तीको राष्ट्रिय बिदा कटौती गर्नु त्यसको एउटा ज्वलन्त प्रमाण हो । राष्ट्रिय व्यक्तिको सालिक तोडफोड गरेर एतिहासिक योगदानलाई समाप्त पार्न खोज्नु दुर्भाग्य हो।राज्यको एकीकरण गरेर भावी पुस्तालाई बलियो र विशाल मुलुक उपहार दिने राष्ट्र नायकलाई अपमान गर्नु भनेको इतिहास र योगदानलाई मात्र होईन , राष्ट्र, राष्ट्रियता , राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकता कै अपमान हो । संसारको जुनसुकै मुलुकमा पनि राष्ट्र एकीकरण गर्ने राष्ट्रिय नायकलाई विचार आस्थाभन्दा माथि उठेर सम्मान गर्ने संस्कृति स्थापित र विकसित भएको पाईन्छ । हाम्रो लोकतान्त्रिक सरकारले भने इतिहासका गौरवपुर्ण पानाहरु मेटाउने यो कस्तो अपसंस्कृतिको थालनि गरेको हो ? यस्तो अपसंस्कृतिले कहिल्यै पनि राष्ट्रको उन्नति र भलो हुन सक्दैन् । हत्या, हिंसा, जातिय असमानता, जातिय घृणा, द्वन्द्व अहिले आक्रान्त विश्वमा जातिय सद्भभाव, समानता र भाईचाराको लहर ल्याउने विचार नै पृथ्वी विचार हो । नेपाल सबै जातको फुलबारी भने झैं विश्व सबै जातको फुलवारी हो । संयुक्त राष्ट्रसंघले यो नारालाई विश्वव्यापी बनाउनुपर्दछ । त्यसकारण पृथ्वी बिचार विश्वलाई निर्देशन गर्न सक्ने विश्वस्तरको बिचार हो । पृथ्वीनारायण शाहको योगदान र पृथ्वी बिचारको उचाइ बुझ्न नसक्नेले मात्र पृथ्वी नारायण शाहको विरोध गर्ने वा सालिक ढाल्ने मुर्खता गर्न सक्दछन् । नेपालभक्त वा देशभक्त नेपालीले किमार्थ यस्तो मुर्खता कार्य गर्न सक्दैनन् । त्यसैले पनि नेपालको राष्ट्रिय स्वतन्त्रताको लागी क्षेत्रीय अखण्डताको लागि पनि नेपालमा राजतन्त्रको निरन्तरता चाहिन्छ भन्ने मतलाई उपेक्षा गरिनुहुन्न् । पृथ्वी बिचारलाई ठिक ढङ्गले बुझेको भए ठिक ढङ्गले लागु गरेको भए सायद आज नेपाल धेरै कुरामा आत्मनिर्भर दुबै सम्पन्न राष्ट्रको स्तरमा पुगिसकेको हुनेथियो । सायद पृथ्वी बिचारलाई ठिक ढङ्गले बुझेको भए र आत्मसात् गरेको भए मेची-कालीपारीको भु-भाग गुम्ने थिएन भन्ने लाग्छ ।

राणा शासन स्थापित भएर नेपाल एक शताब्दी सम्म अन्धकारमा बस्नुपर्ने थिएन तर ७ सालदेखि अहिले सम्मका परिवर्तनमा विदेशी शक्तिको निर्णायक भुमिका हुन सक्ने थिएन् । यसरी कसैको पनि भ्रष्ट, निरङ्कुश, तानाशाही वा विदेशी दलालको पगरी गुथ्नुपर्ने आवश्यकता आउने थिएन् भन्ने कुरा पृष्टी गर्दछ । श्री ५ वडामहाराज धिराज पृथ्वीनारायण शाहको योगदान र पृथ्वी बिचारलाई नेपाल र नेपालीले कहिल्यै बिर्सन नहुने निधि हुन् । दुल्लुखबर

# उपभोग्य बस्तुको मुल्य बढ्दा उपभोक्ता मारमा

दिलमाया शाही
जुम्ला



नागरिकको दैनिक भान्सामा प्रयोग हुने दैनिक उपभोग्य बस्तुको मुल्य आकासिदा उपभोक्ता मर्कामा परेका छन् । पछिल्लो समयमा सरोकारावाला निकाय, स्थानीय तह, प्रहरी प्रशासन लगायतले बजार अनुगमन नगरेका कारण उपभोग्य बस्तुको मुल्य आकासिएको हो । खाने तेल, चामल, दाल, ग्यासको मुल्यबृद्धि हुदा यहाँका उपभोक्ता मर्कामा परेका छन एकाएक भटमासको स्वास्थित तेल र धारा तेलको मुल्य ह्वात्तै बढेपछि स्थानीय मारमा परेका हुन् ।

खाने तेल भटमासको प्रति प्याकेट (आधा लिटर) १ सय १० देखि १ सय २० रुपैया, धारा तेल प्रति प्याकेट (आधा लिटर) १सय ५० रुपैया भन्दा बढी मुल्यमा उपभोक्ताले खरिद गरी प्रयोग गर्न बाध्य भएका छन् ।पहिलो प्रति प्याकेट ८० देखि ९० रुपैया पर्ने भटमासको तेल अहिले १ सय २० रुपैया परेको छ । भने, धारा तेल पहिले प्रति प्याकेट १ सय देखि ११० रुपैयामा प्रयोग गर्दै आएका नागरिक अहिले १ सय ५० रुपैयामा किन्ने गरेका छन् । तेलको प्रिन्ट मुल्यनै बढेर आएको छ । खरिद गर्दानै मुल्य बढाएपनि महंगो भएको हो । ब्यापारिले उपभोक्ताबाट धेरै नाफा नखाएर विक्री गरेका छौ । धारा तेलको प्रति प्याकेट १सय ४० र भटमासको तेल प्रति प्याकेट १ सय २५ रुपैया प्रिन्ट मुल्य आएको छ । सदरमुकाम भन्दा गाउँघरमा व्यापारीरुले भने नागरिकको ढाडै सेकिने गरी तेलको मुल्य लिएको स्थानी बताउँछन् । त्यस्तै चामल २५ केजीको १ हजार ८ सय रुपैया, ग्यास सिलिण्डर चेन्ज गरेको प्रति सिलिण्डर १ हजार ७ सय ५० रुपैया पर्ने गरेको स्थानिय धनबहादुर नेपाली,बताए । उनले भने ,अब सामान्य नागरिकले तेल किनेर खान सक्ने अवस्था रहेन । दैनिक सय रुपैयाको कमाई छैन् । काम गरौ काम छैन् । अहिले खाने तेल नै प्रति प्याकेट १ सय ५० सम्म पर्न थाल्यो । बालबच्चालाई नुहाइधुवाई गरेपछि घसाउने धारा तेलको मुल्य आफुजस्ता सामान्य नागरिकले किन्नै नसकिने गरी बढेको उनको भनाइ छ । १सय ५० रुपैया प्याकेट धारा तेल किनेर प्रयोग गर्न सकिदैन । आर्का स्थानिय डिल्ली दमाईले भने, ६०/६५ पर्ने भटमासको तेलको मुल्य १२० भन्दा माथि पुगेको छ । दैनिक ज्यालादारी गरेर विहान बेलुका छाक टार्नेहरुलाई मुल्यबृद्धिले ठुलो असर गरेको छ ।

दैनिक तेलको मुल्य बढ्दै जादा नागरिक मारमा परेका छन् । उद्योग बाणिज्य संघ जुम्लाका बरिष्ठ उपाध्यक्ष पुरिचन्द्र देवकोटाले भने , कोभिडका कारण तेल कम्पन्नीमा कच्चा पर्दाथ पनि अभाव भएकाले तेल महंगीएको हो । सामान्य नागरिकलाई समस्या भएको छ । तर उद्योग बाणिज्य संघ केहि गर्न सक्ने अबस्था छैन । उनले भने , दुर्गमका नागरिकका समस्या बुझ्दै सरकारले कम्पन्नीहरुमा अनुगमन तथा निरिक्षण गर्न आवश्यक छ ।सर्वसाधारणले थेक्न नसक्ने गरी बजारमा दैनिक उपभोग्य बस्तुको मूल्यबृद्धि भएको छ । मुल्यबृद्धि कोरोना संक्रमणका कारण कच्चा पदार्थको अभावले मुल्यबृद्धि हुन गएको बुझिएको छ । संघीयतापछि बजार अनुगमनको क्षेत्राधिकार स्थानीय तहलाई पनि भएकोले छिट्टै यस विषयमा बजार अनुगमन गरी नागरिकलाई राहत पुग्ने मुल्य व्यवस्थापनमा जोड आबश्यक रहेको छ ।

## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

# तरकारीबाट मनग्य आम्दानी

नन्द सिंह
हुम्ला

हिमाली जिल्ला हुम्लाका अधिकांस कृषकहरुको मुख्य आम्दानीको स्रोत तरकारी बनेको छ । जिल्लामा बेमौसमि तरकारी उत्पानका लागि छन् । यो समयमा सिमकोट गाउँपालिका वार्ड नम्वर ४ हेल्दुङ गाउँका ३० घरदुरी वेमौसमि तरकारीबाट मनग्य आम्दानी गर्न सफल भएको स्थानीय कृषक गगन शाहीले बताए । उनले भने हिउँदको समयमा घरमा त्यतीकै बस्नु भन्दा समयको सदुपयोग पनि हुने र बालबालिकाको



अधिकांस कृषकहरु तरकारी उत्पान गर्न तर्फ आकसित भएका छन्। हिउँदको समयमा वेमौसमि खेती गरेर तरकारी उत्पादन गरि विक्रि गर्दै आम्दानीको मुख्ये स्रोत भनेको तरकारी बनेको छ ।

तरकारी उत्पादन गर्दा धेरै परिश्रम पनि गर्नु नपर्ने र विक्रि पनि नियमित हुने भएपछि जिल्लाका अधिकांस कृषकहरु त्यस तर्फ जुटेका छन् । यहाँका सिमकोट, खार्पुनाथ, सर्केगाड, नाम्खा, चंखेलि, अदानचुली र ताँजाकोट गाउँपालिकाका कृषकहरु वेमौसमि तरकारीबाट घर खर्च गर्न समेत सहज भएको बताउने गरेका कापि कलम घर परिवारलाई खाद्यान्नको पनि जुगाड गर्न सजिलो हनका लागि यो पेशालाई सौभाग्यको रुपमा लिने गरेको छ । हिउँदको समयमा वेमौसमि तरकारी बोकेर सदरमुकाम सिमकोट पुराउँदा एक मुठा सागको ३० रुपैयाँ र धनियाँको २० रुपैयाँमा विक्रि गर्ने गरेको स्थानीय कृषक शाहीले बताए । उनका अनुसार आफुले आफ्नो घरमा वेमौसमि तरकारीका लागि ग्रिनहाउस हालेर बाक्लो तरकारी फलाउने गरेको छ । यसबाट महिनाको करीव ७ हजार सम्म भेटाउने गर्दछ । जस्मा घरका परिवारलाई

बाँकी ८ पेजमा.....

# स्वास्थ्य कर्मिको रगतले बच्यो ज्यान

मिसन न्यूज
कालिकोट

जिल्लाको पचालझरना गाउँपालिका वडा न. २ कि ३५ वर्ष कि विमला वि. क . लाई बिहिवार राती देखी अत्याधिक मात्रामा रक्तस्राव भएर जिल्ला अस्पताल कालिकोटको आकस्मिक कक्षमा ल्याइएको थियो। बिरामी वि.क. लाई अस्पतालको आकस्मिक कक्षमा राखेर उहाँको अवस्था बारे डा . राजकमल कार्की लगाएतको चिकित्सक चालाउदै गर्दा जिल्ला अस्पतालको फार्मेसी शाखामा कार्यरत स्वास्थ्य कर्मी प्रकाश अधिकारीको रगत बिरामी बिकको रगत सग जाँच गर्दा उहाँ को गुरुप मिलेको थियो। र त्यसै बखत स्वास्थ्य कर्मी अधिकारीले भने मेरो शरिरको रगतले बिरामीले नयाँ जिबन पाउँछन् भने म आफ्नो शरीरको १ पिन्ड रगत दिन तयार छु भनेर स्वास्थ कर्मी अधिकारीले १ पिन्ड रगत दिएर बिरामी महिला लाई बचाउनु भएको हो।



को टोलिले चेकजाँच गरेर उहाको थप जाँच गर्न अस्पतालको प्रयोगशालामा बिरामी बिकको रगत जाँच गरिएको थियो । उक्त रगत जाँच गर्दा बिरामी बिकको शरीरमा जम्मा ४ पिन्ड मात्र रगत रहेको थियो बिरामीको अवस्था भने गम्भीर रहेको थियो । त्यसै बखत बिरामी को लागी रगत कसरी उपलब्ध गराउने भन्ने कुरामा बिरामी हरुको आफन्तजन हरुको मनमा भने निरासा छाएको थियो । उक्त रगत को कुरा उक्त बिरामी बिक लाई रगत दिदै स्वास्थ्य कर्मी प्रकाश अधिकारी ले यस्तो भन्नू भयो अब कसैले बनी गर्भपतन गर्ने औसधि गाउँघरमा खाएर आफ्नो जिबन धरापमा नपार्नु होला र खानु पर्ने नै भए जिल्ला अस्पतालमा आएर चिकित्सकको सल्लाह अनुसार मात्र औसधि सेवन गर्नु हुन अनुरोध गर्नु भएको छ। चिकित्सक अधिकारीले अहिले सम्म ९ पटक सक्तदान गरि सक्नु भएको छ ।

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधैं ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# सुर्खेतमा गार्डेन मार्ट स्टोरको बिक्री सुरु

लिलाराज संज्याल

सुर्खेत

शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाले सुर्खेतमा पनि गार्डेन मार्ट डिपार्टमेन्ट स्टोरको बिक्री सुरु गरेको छ। मार्टमा दैनिक उपभोग्यलगायत अन्य आवश्यक सामग्रीहरु सुपथ मूल्यमा उपलब्ध हुने सहकारीले जनाएको छ । शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाले सुर्खेतमा सञ्चालन गरेको पाँचौ मार्ट हो । आम उपभोक्ता लगाएत सदस्यहरुलाई एउटै छातामुनीबाट खाद्यान्न तथा लत्ताकपडा लगायत अन्य अत्यआबश्यक सामाग्रि सुपथ मुल्यमा उपलब्ध गराउने गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर सुपरभाइजर यानु गुरुङ्गले बताए । डडेल्धुराबाट पहिलो गार्डेन मार्ट सञ्चालन शुरु गरेको यो कार्य हाल ११ ठाउँमा विस्तार भएको छ । यसबाट स्थानीयस्तरमा रोजगारी सृजना हुने शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुर्खेतका प्रबन्धक चन्दन थापाले बताए। सहकारीका सदस्यलगायत उक्त क्षेत्रका आम उपभोक्तालाई एउटै छातामुनिबाट उपभोग्य सामग्रीको प्राप्ति सुपथ मूल्यमा हुने भएकोले समय र पैसाको बचत हुने सञ्चालकको विश्वास छ। अरु संस्था सहकारी संस्था अरु संस्थाको भन्दा केहि फरक हुने विरेन्द्र नगरपालिका मेयर देवप्रसाद सुवेदिले बताए । उनले भने, आगामि दिनमा यो सहकारीले राम्रो काम गरे नगरपालिकाको सहयोग रहने बताए । समय समयमा शिव शिखर सहकारीले शेयर सदस्यहरुलाई केन्द्रित गरेर विभिन्न कार्यक्रम आयोजना गर्ने गरेको छ। यस संस्थाले २०७७ सालभरमा उपत्यकामा ५० वटा र नेपालभर दुई सयवटा सञ्चालन गर्ने तयारी गरेको छ।



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट
नेपाल

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सरकाले मल आपूर्ति तथा वितरक संस्था तोक्यो

मिसन न्यूज

काठमाडौं

नेपाल सरकारले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई मल आपूर्ति तथा वितरक संस्थाको रूपमा तोक्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्का निर्णयहरु सार्वजनिक गर्न आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले उक्त जानकारी दिए । बैठकले नेपाल न्याय सेवा, न्याय समूहका एक र कानून समूहका दुई राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई प्रथम श्रेणीको सहसचिव वा सो सरहको पदमा बढुवा नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को यही फागुन ११ गते बैठकले राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्थापन तथा आर्थिक सुविधासम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७७ स्वीकृत गर्ने निर्णय गरेको उहाँले जानकारी दिए । बैठकले अरुण-३ जलविद्युत् परियोजनाको परियोजना विकास सम्झौता संशोधन गर्ने, नेपाल विद्युत् प्राधिकरण, गर्ज्याङ्ग-खिम्ती १३२ के.भी. प्रशारण लाइनको राइट अफ वे को दायाँ बायाँ नौ/नौ मिटर र मल्टिसर्किट टावरदेखि न्यू खिम्ती सवस्टेशनसम्म प्रशारण लाइनको केन्द्र रेखाबाट दायाँ बायाँ १५/१५ मिटर भित्र पर्ने निजी जग्गालगायतका अन्य संरचनाको क्षतिपूर्ति निर्धारण गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अध्यक्ष र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका इलेक्ट्रिकल इन्जिनीयर नारायण श्रेष्ठलाई सदस्य तोक्ने निर्णय गरेको छ । बैठकले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को मस्यौदा स्वीकृति गर्ने निर्णय गरेको सरकारका प्रवक्ता गुरुङले जानकारी दिए । फेवातालको चार किल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिको सिफारिस बमोजिम फेवातालको क्षेत्रफल ५.७२६ वर्ग किलोमिटर ( ११ हजार २५५ रोपनी ११ आना १ पैसा) कायम गरी चार किल्ला र सिमाना स्वीकृत गर्ने निर्णय गरेको छ ।




# दक्षिण कोरियाले जापानसँग वार्ता गर्ने

एजेन्सी

सोल

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय-इनले दक्षिण कोरिया जापानसँग वार्तामा बस्न तयार रहेको बताएका छन् । राष्ट्रपति मुनले दक्षिण कोरिया



यी दुई देशबीचका कैयौं ऐतिहासिक तथा व्यापारिक विषयमा वार्ता गर्न तयार रहेको बताउनुभएको समाचारमा उल्लेख गरिएको छ । 'हाम्रो सरकार जापानसँग कुनै पनि बेला वार्ताको टेबलमा बस्न तयार रहेको छ, मलाई लाग्छ सबै किसिमका असमझदारीहरू यो वार्ताबाट हट्न सक्नेछ' दक्षिण कोरियाका राष्ट्रपति मुनले भने । दक्षिण कोरियाको १०२ औं स्वतन्त्रता दिवसका अवसरमा उनले राष्ट्रिय टेलिभिजनबाट गर्नुभएको सम्बोधनका क्रममा सो धारणा राखेका हुन् । आजकै दिन कोरियाली प्रायःद्वीप जापानी उपनिवेशबाट स्वतन्त्र भएको थियो । राष्ट्रपति मुन जाय-इनले भने- 'मलाई यति विश्वास छ कि हामी दुवै देशले वार्ताको टेबलमा बसेर हाम्रा अनेक समस्याको समाधानमा प्रयास गर्यौं भने आपसका हाम्रा असमझदारीहरू हट्नेछन् र हामी हरेक समस्याको समाधानका लागि तयार हुनेछौं ।' दक्षिण कोरिया र जापानबीचको सम्बन्ध विगतका केही मुद्दाहरूका कारण राम्रो हुन सकेको छैन । जापानले कोरियाली महिलाहरुलाई यौनदाशीका रुपमा राख्नुका साथै अरु पनि केही ऐतिहासिक र व्यापारिक मुद्दाका कारण विगतदेखि नै यी दुई देशबीचमा असमझदारीहरू बढ्दै आएको छ ।

यी विषयहरुमा समय समयमा दक्षिण कोरिया र जापानले वार्ताका माध्यमबाट नै समस्या समाधानका प्रयास गरेको भए पनि त्यो सम्भव हुन सकेको छैन । पछिल्ला केही वर्षयता यी दुई देशबीचको कूटनीतिक सम्बन्धमा दरार उत्पन्न भएको छ । त्यसैले दक्षिण कोरियाली राष्ट्रपति मुनले यो आह्वान गरेका हुन् ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | सुरुमा लगनशीलताले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ भने मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ । प्रतिस्पर्धीहरू पछि पर्नेछन् र कर्मयोगले फाइदा दिलाउनेछ । मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ, जोश-जाँगर बढ्नेछ । यात्रा, मनोरञ्जन र पारिवारिक भेटघाटमा मन रमाउनेछ । |
| वृष : | प्रारम्भमा आफन्तको जिम्मेवारी वहन गर्नुपरे पनि विशेष अवसर प्राप्त हुनेछ । मिहिनेत गर्दा लक्ष्यमा पुग्न सकिनेछ । अध्ययनमा प्रगति हुनेछ भने लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउन सक्छ । पहिलेको स्थितिमा सुधार आउनाले कामका बाधाहरू हट्नेछन् । |
| मिथुन : | प्रारम्भ उत्साहवर्द्धक देखिए पनि बीचमा अन्योल बढ्ने हुँदा काम बिग्रने चिन्ताले सताउन सक्छ  नजिकका साथीभाइ टाढिनाले आत्मबलमा कमी आउनेछ । अध्ययनमा केही व्यवधान हुन सक्छ । पारिवारिक असमझदारीले केही उतारचढाव समेत आउनेछन् । |
| कर्कट : | साताको पूर्वार्ध निकै उत्साहवर्द्धक रहनेछ । प्रयत्न गर्दा बोलीको माध्यमले काम सम्पादन हुनेछ । कार्यशैलीमा पनि सुधार ल्याउन सकिनेछ । पहिलेको कर्मफल प्राप्त हुनेछ । आँटले काम सम्पादन गर्न सकिनेछ । छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ । |
| सिंह : | पारिवारिक भेटघाटले माहोल रमाइलो रहनेछ । विभिन्न अवसर प्राप्त हुनेछन् । स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । पहिरनको सोखले खर्च बढाउन सक्छ । सोमवार र मंगलवार केही प्रतिकूल रहनेछन् । अरूको भनाइमा लाग्दा व्यर्थैमा विवादित भइएला । |
| कन्या : | प्रारम्भमा कामका लागि केही दौडधुप र खर्च गर्नुपरे पनि मिहिनेतले चिताएको काम सम्पादन हुनेछ । चुनौती पन्छाउँदै समुदायको हक हितको संरक्षण गर्न सकिनेछ । रमाइलो भेटघाट हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । |
| तुला : | प्रारम्भमा आम्दानीले उत्साह जगाउनेछ । विशेष अवसर जुट्नाले दिगो फाइदा हुने काम गर्न सकिनेछ । तर, लगत्तै आकस्मिक खर्चको समय पनि आउनेछ । सोम, मंगल र बुधवार अर्थ अभाव देखा पर्नाले चिताएको काममा बाधा पुग्नेछ । तर टाढाका साथीसँग सम्बन्ध विस्तार हुनेछ । |
| वृश्चिक : | प्रारम्भमा व्यावहारिक चुनौतीले केही समस्या आउन सक्छ । तापनि काम बन्नाले उत्साहित भइनेछ । साथीभाइबाट काममा सहयोग मिल्नेछ । प्रतिष्ठित व्यक्तिहरूसँग काम गर्ने अवसर प्राप्त हुनेछ । आफन्तसँग निकटता बढ्नेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । |
| धनु : | सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ कर्म गर्न मन उत्साहित हुनेछ । आयस्रोत बढ्नुका साथै दिगो काममा सम्झौता हुन सक्छ । बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ । इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । |
| मकर : | प्रारम्भमा अस्वस्थताबीच कामको बोझ थपिन सक्छ । नियमित काममा पनि बाधा पुग्नेछ । तर सोमवारदेखि नै स्थितिमा सुधार आउनाले धेरै समस्या समाधान हुनेछन् । नयाँ जिम्मेवारी प्राप्त हुनेछ भने मिहिनेत गर्दा चिताएको काम बन्नेछ । मित्रहरूको सञ्जाल फराकिलो हुनेछ । |
| कुम्भ : | प्रियजनसँगको भेटघाटले प्रारम्भ रमाइलो देखिए पनि यो साता केही उतारचढावमय रहनेछ । सोमवार र मंगलवार भने अस्वस्थताले सताउन सक्छ । परिस्थितिले खर्च बढाउनेछ भने अर्थ अभावले आँटेको काम स्थगित हुन सक्छ । विवादास्पद कामको बोझ थपिनेछ । |
| मीन : | सुरुमा ईर्ष्या गर्नेहरूले अलि सताउन सक्छन् । आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् । सोमवार र मंगलवार भने विशेष लाभ उठाउन सकिनेछ । प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ । मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ, जोश-जाँगर बढ्नेछ । दिगो फाइदा हुने काम हातलागी हुनेछ । |

मिसन न्यूज
www.missionenews.com
२०७७ फाल्गुन १९ गते बुधबार | 03 March 2021 Wednesday | अन्तिम पृष्ठ | ८

## पर्यटकिय क्षेत्रमा....................

मात्र छ । तर, हृयातुङ भन्दा पचाल झरनाको उचाई १६ मिटर बढी अग्लो पाइएको हो । वास्तबिक उचाई पत्ता लागेसँगै यो झरना विश्वकै ३० अग्ला झरनाहरुमा परेको छ ।

## भकारी कार्यक्रम.................

पहुँचमा सुधार ल्याउने र विपद्को जोखीम वा प्रभावलाई न्यूनिकरण गर्ने भकारी कार्यक्रमको उद्देश्य हो । लैङ्गीक समानता तथा सामाजिक समावेशिकरणका सवालहरु सबै उद्देश्यमा मुख्य रुपमा प्राथमिकता रहेका छन्। भकारी कार्यक्रमका जिल्ला संयोजक शिवजी महत्वले ५ वटा पालिकाहरु खाँडाचक्र नगरपालिका, तिलागुफा नगरपालिका, शुभकालिका गाँउपालिका, महावै गाउँपालिका र नरहरीनाथ गाउँपालिकाका ५२ समुदायमा भकारी कार्यक्रममाले कार्य गर्ने बताए ।

संयोजक महत्वका अनुसार कृषि अन्तर्गतका मुख्य गतिविधीहरुमा पनी कार्यक्रमले काम गर्ने छ । कृषि उत्पादनको लागि आवश्यक पर्ने सामग्री र उत्पादन पश्चात बस्तुको बजारमा पहुँच सुधार गर्न सरकारी र निजी क्षेत्रहरुसँग शाझेदारी गर्दै एग्रोभेट, संकलन केन्द्र, व्यापारीहरुबीच सूचनाको आदानप्रदानको वातावरण निर्माणसमेत गनछ । कृषि सामग्री तथा साना पशुपालनका लागि प्राविधिक र आर्थिक सहयोग गर्ने, जलवायु सुहाउँदो प्रविधि र विधि अवलम्बनमा सहयोग गर्ने जस्ता कार्यहरु भकारी कार्यक्रमले गर्नेछ । मावनअधिकार तथा वातावरण विकास केन्द्र ( हुरेन्डेक) नेपाल कालिकोटका उपाध्यक्ष विरेन्द्र बहादुर बुढाले भकारी कार्यक्रममा पानीका परियोजनाहरु निर्माणको मुख्य उद्देश्य खोला, मूल, भूमिगत जल भण्डार तथा वर्षातको पानीलगायतका पानीका श्रोतहरुबाट उपलब्ध पानीको प्रभावकारी प्रयोग गर्ने तथा भण्डारण र निकासको मध्यमबाट शंकटासन्न परिवारको कृषि उत्पादकत्व वृद्धिका लागि आवश्यक पानीको उपलब्धतामा सहज गराउनु रहेको पनी भकारी कार्यक्रमको लक्ष रहेको बताए। सामाजिक व्यवहार परिवर्तनका लागि उपयुक्त सञ्चारको माध्यमवाट भकारीको सबै तहमा सिमान्तकृत जनसंख्याको समावेशलाई प्रोत्शाहन गर्दै समुदायको सहभागिता वढाउन र व्यवहारमा आवश्यक परिर्वतनका लागि काम भकारी कार्यक्रमले कार्य गर्नेछ। ३ वर्षको अवधीमा जिल्लाका पाँच वटा स्थानीय तहमा कार्यक्रम संचालनका लागि ५ करोड १४ लाख २ सय कार्यक्रम सञ्चालनका लागि बजेट रहेको छ ।

## तरकारीबाट मनग्य.............

आम्दानीको राम्रो स्रोत बनेको छ। हुम्ला जिल्लाको सदरमुकाम सिमकोट आसपासका गाउँहरुमा मौसमि तथा वेमौसमि तरकारी खेती गर्दा आम्दानीको राम्रो स्रोत बने पनि सदरमुकाम बाहिरका अधिकांस गाउँपालिकाहरुका स्थानीय कृषकहरुलाई भने उत्पान गरेको तरकारी विक्रिका लागि बजार नपाउँदा समस्या भउको स्थानीयले बताएका छन् । हालसम्म हुम्ला जिल्ला सडक सञ्जालले नछोएको हुँदा बजार नजिकका स्थानीय कृषकहरु डोकामा साग बोकेर सदरमुकाम सिमकोट पग्ने गरेका छन भने अन्य गाउँपालिकाका स्थानीयले उत्पादन गरेको साग आफैले उपभोग गर्दै आएको स्थानीय कृषकहरुले बताए ।

लागु औषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्या बिग्रिन्छ, धन सम्पतीको वर्वाद गर्दछ, यसको प्रयोयबाट आफु, परिवार, समाज र राष्ट्रलाई नै अपुरणीय क्षेति पुग्ने हुँदा यस्ता पदार्थ देखी टाढा रहौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**सम्पुर्णमा अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

शुभकालिका गाउँपालिकाको कार्यालय
कालिकोट

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**सान्नी त्रिवेणीको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**बेस्ट कर्णालीय मिडियाद्धारा जारी**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत